☎ ०७५-५२०१०५, ५२०८५३
५२०१२५, ५२०५०५

तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
५ नम्बर प्रदेश, नेपाल

२०७५ असोज २४

पत्र संख्या :

मिति.........................

चलानी नं. :

## हार्दिक शुभकामना

यो वर्षको दशैं, तिहार, नेपाल संवत र छठ पर्वको पूर्व सन्ध्यामा सर्वप्रथम सम्पूर्ण नगरवासीमा हार्दिक शुभकामना प्रकट गर्दछौं । हामी नेपालीहरुले यी पर्वको मौलिकपन संरक्षण र पर्वका नाममा हुर्कदै गरेका विकृति विसंगतिका बारेमा समेत समीक्षा गर्न जरुरी छ । परम्परागत ढंगले दशैं, तिहार,नेपाल संवत र छठ मनाउने वा यी पर्वको पहिचान जोगाउँदै समाजमा रचनात्मक कार्यक्रम समेत सम्पन्न गर्ने ? यो सवालको जवाफ हामीले आफैभित्र खोज्न जरुरी छ । देशमा राजनीतिक परिवर्तन भयो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका नागरिक भएको नाताले हामीले हाम्रा रहनसहन, खानपान र समग्र जीवनशैलीमा विद्यमान अलोकतान्त्रिक संस्कार र व्यवहारमा समेत परिवर्तन ल्याउनु समयको खाँचो हो । हत्या, हिंशा, बलात्कार, जातिय भेदभाव जस्ता मानवहित प्रतिकूल व्यवहार र आचरण एकैपटकमा निमिट्यान्न पार्न नसकिएला तर हामी सबै एकजुट भयौं भने वा हामी प्रतिवद्ध भएर लाग्यौं भने पक्कै पनि न्यूनीकरण गर्न सम्भव छ । चाडपर्वका बेला हुने पारिवारिक तथा सामुदायिक भेट वा जमघटमा हामीले यी सवालबारे छलफल, विचार विमर्श गरौं र सामाजिक परिवर्तनका पक्षमा आफूलाई उभ्याऔं ।

पर्वको वहानामा कृत्रिम अभाव सिर्जना गर्ने, खाद्य सामग्रीमा अखाद्य कुरा मिसावट गर्ने, मूल्य बृद्धि गर्ने जुवातास खेलाउने जस्ता अवैध र अमानवीय काम कसैबाट नहोस् । नगरमा शान्ति सुरक्षा र अमन चयन कायम गर्न स्थानीय प्रशासन, सुरक्षा निकाय र राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी लगायत आम नगरबासीको साथ र सहयोगका लागि हामी सादर आग्रह गर्दछौं । सभ्य नागरिक हौं यसर्थ यत्रतत्र फोहर नफालौं । आआफ्ना कार्यालय, कार्यकक्ष, घर, आँगन, टोलसँगै नगरपालिकाभित्र रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण सम्पदा र स्थलहरु सरसफाइमा जुटौं । ऐतिहासिक सम्पदा र सार्वजनिक स्थलमा व्यापारिक प्रयोजनका सन्देश लेख्ने, विज्ञापनका सामग्री राख्ने, टाँस्नेजस्ता काम नगरौं । नगरपालिकालाई तिर्नुपर्ने कर समयमै तिरौं । नक्शापास गरेर भौतिक संरचना निर्माण गरौं । नगरमा आउने पर्यटक वा पाहुनाहरुसँग मित्रवत बोलीव्यवहार गरौं ।

दशैं, तिहार र छठ पर्वको मौलिकता अनुसार शरीरका लागि स्वस्थकर खाना खाऔं । क्षमताअनुसार खर्च गरौं अर्थात अनावश्यक ऋणमा नडुबौं । ढाका, करुवा लगायत हाम्रै देशका स्थानीय उत्पादनलाई प्रोत्साहित गरौं । मादक पदार्थ, जुवातास लगायतका कुलत त्यागौं र अरुलाई त्याग्न प्रेरित गरौं । पारिवारिक तथा सामाजिक सदभाव अभिबृद्धि गरौं । नभुलौं- बहुधर्म संस्कृति र रीतिरिवाज भएको देश हो नेपाल । एकअर्काको धर्मसंस्कृतिप्रति सम्मान गरौं, सहिष्णु बनौं ।

अन्त्यमा, बडा दशैं २०७५, तिहार (दीपावली) २०७५, नेपाल संवत ११३९ र छठ पर्वको शुभ अवसरमा निर्वाचित जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, उद्यमीव्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मीहरु लगायत सम्पूर्ण तानसेन नगरवासीमा शुस्वास्थ्य, दीर्घायु र सुखसमृद्धिका लागि हार्दिक मंगलमय शुभकामना प्रकट गर्दछौं ।

नगर प्रमुख

अशोककुमार शाही

प्रमुख एवम्

तानसेन नगरपालिका परिवार

तानसेन नगरकार्यपालिकाको कार्यालय तानसेन, पाल्पा

Scanned by CamScanner